दुहुँ गाउँपालिका

# दुहुँ राजपत्र

खण्ड - २ संख्या - ३ मितिः २०७५।११।०५

**भाग - १**

**दुहुँ गाँउपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।१०।२८ |

**दुहुँ गाँउपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५**

गाउँकार्यपालिकाबाट पारित मिति २०७५।१०।२६

प्रमाणिकरण मिति २०७५।११।०३

नेपालको संविधानको अनुसूचि ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय

दुहुँ गाउँपालिका

सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दुँहु गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

**<u>१.संक्षिप्त नाम,विस्तार र प्रारम्भ</u> :**

(१) यो ऐनको नाम दुहुँ गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

**<u>२. परिभाषा :</u>**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले दुहुँ गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले दुहुँ गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. <u>नियम बनाउने अधिकार :</u>**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाँउपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त दुहुँ गाउँकार्यपालिकाले आवश्यक नियम वा नियमावली बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा नेपालको संविधान, संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने</u>**: संविधान, संघीय तथा प्रदेश ऐन तथा यस ऐन वा अन्तरगत वनेको नियमावलीको अधिनमा रही दुहुँ गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**५.<u>बचाऊ :</u>** यो ऐन लागू हुनु भन्दा अगावै दुहुँ गाउँकार्यपालिकाले बनाएका नियम,निर्देशिका,कार्यविधि एवं मापदण्ड यसै ऐन बमाजिम बनाएको मानिनेछ ।

आज्ञाले,

शिवराज भट्ट

निमित्त प्रमुख प्रशासकीय अधिकृत

दुँदुँ गाउँपालिका